"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गाल्जे, कालीकोट

कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८३/०८४ | मिति: २०८३/०६/१४

च.नं. : ~~६६८~~ २६२ | ने.सं.११४६

श्री शाखा / उप-शाखा / इकाई / वडा कार्यालय,
तिलागुफा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गाल्जे, कालिकोट ।

**विषयः आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन सम्बन्धमा ।**

तिलागुफा नगरपालिका विनियोजन ऐन, २०८३ पारित भई नगरप्रमुखज्यूबाट प्रमाणिकरण समेत भईसकेको छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०८३।०८४ का लागि शाखा / उप-शाखा / इकाई / वडा कार्यालयहरुमा खर्च गर्ने गरि विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्न/गराउने, प्रतिवेदन गर्ने र लेखापरीक्षण कार्यमा सहयोग समेतको जिम्मेवारी तहाँबाट पूरा हुने विश्वास लिएको छु । यस नगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रमले लिएका उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम् उपयोग गर्दै खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्नुहुनेछ । समग्र वित्तीय अनुशासन कायम गर्दै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा तिलागुफा नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८३ को अनिवार्य रुपमा परिपालन गरि बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि चालु आर्थिक वर्षको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाइएको व्यहोरा अनुरोध छ ।

आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन देहाय अनुसार रहेको छ ।

**१. बजेट, कार्यक्रम स्वीकृति तथा अधिकार प्रत्यायोजन**

१.१. १९ औं नगर सभाबाट स्वीकृत आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम SuTRA प्रणालीमा प्रविष्ट बजेट नै कार्यक्रम कार्यान्वयनको मुख्य आधार हुनेछ।
१.२. नगर सभाको निर्णय अनुसार स्वीकृत आयोजना तथा कार्यक्रमहरू विनियोजित बजेटको परिधिभित्र रही कार्यान्वयन गर्ने/गराउने पूर्ण अधिकार नगर कार्यपालिकालाई रहनेछ।
१.३. गत आ.व. २०८२/०८३ मा सम्पन्न भई सङ्घ तथा प्रदेश सरकारबाट बजेट निकासा नभई भुक्तानी बाँकी रहेका योजनाहरूको भुक्तानी आ.व. २०८३/०८४ को वार्षिक बजेटबाट दायित्व सार्ने गरी मिलाइनेछ।

भरत डा.सा.
लेखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**Website :** www.tilaguphamun.gov.np | **Email :** tilagufamun@gmail.com | **Phone No.:** 9858320054

CamScanner

२. उपभोक्ता समिति गठन र योजना सम्झौता

२.१. उपभोक्ता समिति गठनः स्थानीय सरकार सञ्चालन ऐन र नगरपालिकाको कार्यविधि बमोजिम पारदर्शी रूपमा आमभेला बोलाई उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

२.२. योजना सम्झौताको समयावधिः चालु आ.व. २०८३/०८४ का सम्पूर्ण योजना/कार्यक्रमको सम्झौता २०८३ मंसिर १५ गते भित्र सम्पन्न गरिसक्नुपर्नेछ।

२.३. कागजातहरूः वडा कार्यालयको सिफारिस, आमभेलाको निर्णय, नागरिकताको प्रतिलिपि र प्राविधिक लागत अनुमान अनिवार्य पेश गर्नुपर्नेछ।

२.४. आयोजना सूचना पाटी: निर्माण स्थलमा काम सुरु हुनु अगावै आयोजनाको नाम, बजेट, जनश्रमदान, काम सुरु र सम्पन्न हुने मिति तथा उपभोक्ता समितिको विवरण खुल्ने सूचना पाटी अनिवार्य राख्नुपर्नेछ।

३. सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापन

३.१. बोलपत्र/ठेक्का मार्फत सञ्चालन हुने आयोजनाहरू सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली अनुसार सञ्चालन गरिनेछ।

३.२. ठुला पूर्वाधार विकासका काम सुरु गर्नु अघि जग्गाको प्राप्ति, रूख कटान तथा वातावरणीय सम्भाव्यता जस्ता पूर्वतयारीका कार्यहरू पूरा भएको हुनुपर्नेछ।

३.३. सार्वजनिक खरिदमा स्थानीय तथा स्वदेशी उत्पादन र वस्तुको प्रयोगलाई प्राथमिकता दिनुपर्नेछ।

४. भुक्तानी, अनुगमन तथा सामाजिक परीक्षण (Social Audit)

४.१. प्रगति आधारित भुक्तानीः प्राविधिक मूल्याङ्कन र भौतिक प्रगतिका आधारमा मात्र किस्ता भुक्तानी दिइनेछ।

४.२. इलेक्ट्रोनिक भुक्तानी (EFT/Banking): उपभोक्ता समिति, निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा कर्मचारीहरूको पारिश्रमिक र सेवा शुल्कको भुक्तानी सोझै बैंक खातामा (EFT मार्फत) पठाइनेछ।

४.३. सार्वजनिक परीक्षण (Public Audit): आयोजनाको अन्तिम भुक्तानी लिनु अघि आयोजना स्थलमा सार्वजनिक परीक्षण/सार्वजनिक सुनुवाइ गरी सोको निर्णय (माइन्युट) पेश गर्नुपर्नेछ।

४.४. वडाको सिफारिस र अनुगमनः नगरपालिका अनुगमन समितिको प्रतिवेदन, प्राविधिक मूल्याङ्कन र सम्बन्धित वडाको सिफारिसको आधारमा मात्र अन्तिम फरफारक गरिनेछ।

५. बजेट रकमान्तर, समर्पण र मितव्ययिता

५.१. रकमान्तरः विनियोजन ऐनको परिधिभित्र रही स्वीकृत दायरासम्म मात्र रकमान्तर गर्न सकिनेछ। असार महिनामा वा नयाँ/अस्वीकृत कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

५.२. प्रशासनिक मितव्ययिताः सरकारी सभाहल प्रयोग गर्ने, इन्धन, मर्मत, भ्रमण तथा प्रशासनिक खर्चमा कटौती गर्ने र कार्यक्रम सञ्चालन गर्नुपूर्व तिलागुफा नगरपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८३ बमोजिम प्रस्ताव

तयार गरि सम्बन्धित शाखा प्रमुख र आर्थिक प्रशासन शाखाको राय सहित कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गरेर मात्र खर्च गर्नुपर्नेछ ।

५.३ सार्वजनिक खरिदः स्वीकृत बजेटको परिधिमा रहि कुनै पनि वस्तु वा सेवा खरिद गर्नुपूर्व सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड, २०७८ बमोजिम गठित खरिद समितिबाट निर्णय गरि खरिद कार्य प्रारम्भ गरि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको मूल्याङ्कन समितिको निर्णय बमोजिम मात्र खरिद कार्य गर्नुपर्नेछ ।

## ६. बेरुजु र वित्तीय पारदर्शिता

६.१. अघिल्ला आर्थिक वर्षहरूका बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

६.२. सशर्त, समपूरक र विशेष अनुदानका योजनाहरू समयमै सम्पन्न गरी खर्च नभएको रकम नियमानुसार फिर्ता दाखिल गराइनेछ।

भरत डी.सी.
लेखा प्रमुख

..............................
(विष्णु प्रसाद काफ्ले)
प्रमुख प्रशासकीय अधिकृत